सिदिङ्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साव्लाखु, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

सूचना नं. २६ -०७६।०७७

मितिः-२०७६/१२।१५

**विषयः- कोरोना भाइरस (COVID-19) को प्रकोप रोकथाम तथा न्युनिकरण संबन्धमा।**

प्रस्तुत विषयमा विश्वव्यापी रुपमा फैलिएको कोराना भाइरस (COVID-19) को कारणले उत्पन्न जटिल परिस्थिति तथा प्रकोपलाई रोकथाम तथा न्युनिकरण गर्ने सम्बन्धमा मिति २०७६।१२।१५ गते यस गाउँपालिकाको स्थानीय तह स्तरिय समन्वय समितिको बैठकबाट देहाय बमोजिम निर्णय भएकोले आबश्यक जानकारी सहित निर्णयानुसार कार्यान्वयनको लागी सम्पुर्ण वडा कार्यालय, स्वास्थ्य चौकी तथा सम्पुर्ण सिदिङ्वावासी महानुभावहरुमा यो सूचना प्रकाशित गरिएको छ।

**देहायः-**

१. कोभिड - १९ प्रभावित देशहरुबाट यस गाउँपालिकामा आउनुभएका ब्यक्तिहरुलाई कम्तिमा १४ दिन अलग्गै राखी निगरानी गर्न १२ बेडको क्वारेन्टाइन श्री भञ्ज्याङ मा.बि., लिम्बुदिनको भवनमा निर्माण गरिने। उक्त क्वारेन्टाइन २ दिन भित्रमा निर्माण भइ सक्ने भएकोले प्रभावित देशहरुबाट आउनु भएका कोही ब्यक्तिहरु तपाईहरुको टोल छिमेकमा हुनु हुन्छ भने र क्वारेन्टाइनमा बस्न इच्छुक हुनु हुन्छ भने {सेल्फ क्वारेन्टाइन (घरमा अलग्गै) मा पनि बस्न सकिने तर गाउँपालिकाले निगरानी गर्ने भएकोले} कृपया आफ्नो वडाको जनप्रतिनिधि मार्फत उक्त विवरण कार्यालयमा उपलब्ध गराइदिनु होला।

२. यस गाउँपालिका अन्तगर्तका सात (७) वटै वडाका सिमानाकाहरु परिस्थिति अनुकुल नभइन्जेल सम्मको लागी बन्द गर्ने। उक्त सिमा नाका बन्द गर्ने प्रयोजनार्थ सूरक्षा निकायको पहलमा प्रत्येक वडा कार्यालयले कम्तिमा सात (७) जना स्वयंसेवकहरु खटाउनु पर्ने। यसर्थ आ-आफ्नो वडाबाट इच्छुक महानुभावहरुले भोल्युन्टियर गर्नु होला।

३. सामाजिक सांस्कृतिक रितिरिंवाज, परम्परा तथा कर्म काण्डको हकमा संभब भए सम्म त्यस्ता कर्मकान्डहरु परिस्थिति अनुकुल नभइन्जेल सम्मको लागी स्थगित गर्ने तर अत्यन्तै जरूरी नगरी नहुने कर्मकान्डको हकमा वारीपारीका आफन्तहरुलाई नबोलाई बढीमा २५ जनाको भेला हुने गरी मात्र कर्मकान्ड गर्नु पर्ने।

४. सात वटै वडाका गर्भवती माहिलाहरुलाई आफ्नो वडाको स्वयंसेविका मार्फत आइरन चक्की र जुकाको औषधी वितरण गरिने।

५. प्रत्येक वडा कार्यालय, स्वास्थ्य चौकी, गाउँपालिका कार्यालय तथा क्वारेन्टाइन एरियामा क्लोरीन झोल (Disinfectant) छर्कने।

६. लक डाउनको समयमा स्थानीय बजारमा हुन सक्ने उपभोग्य मालसामानहरुको कालो बजारी नियन्त्रणको लागि उपाध्यक्ष ज्यूको संयोजकत्वमा प्रहरी प्रशासनको समन्वयमा निरन्तर अनुगमन गर्ने।

१२।१८

सुमन लिङ्देन (लिम्बु)
प्रमुख प्रशासकीय अधिकृत

sidingbrmtpj@gmail.com | http://www.facebook.com/sidingbamun | http://www.sidingbamun.gov.np

Scanned with CamScanner